फोन नं.०८६-४२००५२
pmamp.piu.pyuthan@gmail.com
web:piupyuthan.pmamp.gov.np

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

प्यूठान ।

### प्रस्ताव आह्वान सम्बन्धी सूचना

(प्रकाशन मिति २०८३/०५/०१)

प्रस्तुत विषयमा यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, प्यूठानको आ.व २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन भित्र अर्थात् ( मिति २०८३/०५/२२ गते भित्र ) यस कार्यक्रम कार्यान्वयन एकाइमा अनुसूचि-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धीत सबैमा जानकारी गराईन्छ ।

तपसिल

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्रही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/ बस्तु क्रियाकलाप | अनुदान रकम तथा भुक्तानि प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उधमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम | कृषि उधमी वा १६ देखि ४० बर्ष उमेर समुहभित्रका यूवा कृषक | जिल्लाभरि | कृषि तथा पशुपन्छी उधमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम सञ्चालन कार्यविधी, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कुल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने । |

प्रस्तावका साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु

१. निवेदन र रितपुर्वक भरेको निर्धारित ढाँचाको प्रस्ताव माग फारम। (फारम वेबसाइड बाट डाउनलोड गर्न सकिनेछ)
२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।
३. कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि ( जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनि सँग कम्तीमा ५ बर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० बर्षका लागि गरिएको सम्झौता पत्र प्रतिलिपि)
४. उधम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइ मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,अघिल्लो आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु ।
५. स्थायी लेखा नंम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धीत समूह/सहकारी संस्थाको सिफारिस पत्र

थप जानकारीको लागि :

कार्यालयको सुचना पाटी वा कार्यालयको वेबसाइड Web : piupyuthan.pmamp.gov.np वा फोन नं. ९८५७८३६९२०, ९८६७८२४९३१, ९८५७८६८०११, ९८६७७५४३२

चुमान सिंह गिरी
कार्यालय प्रमुख

द्रष्टव्यः

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२को दफा ४ मा उल्लेख भए बमोजिम कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्य-शृंखलाका क्षेत्रहरुः

- तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा भण्डारण,
- तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,
- दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,
- च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,
- मासुजन्यपदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,
- अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,
- मौरीपालन व्यवसाय र मह प्रशोधन,
- जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,
- प्राङ्गारिक, गद्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण,
- बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय,
- फलफूल प्रशोधन र बजारीकरण,
- खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन,
- ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,
- साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा संचालन,
- घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,
- प्राङ्गारिक कृषि वस्तु निर्यात,
- व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन,
- जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण ।